D.A.O. Kathmandu Regd. No.: 451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly Magazine

वर्ष–२, अंक–५

Complimentary for School Children

Nov/Dec 2016







खोरको चरा वनमा पृष्ठ : ७

चरा स्वतन्त्र भएको अविस्मरणीय दिन

बाघको छालामा रजाई पृष्ठ : ४

सदर चिडियाखाना : शैक्षिक भ्रमण पृष्ठ : ९


चितुवाको आक्रमणमा परेका घनश्याम घिमिरे पृष्ठ : १३

संरक्षणको लागि शिक्षक-विद्यार्थी भेला पृष्ठ : २०

विरूवाले खाना कसरी बनाउँछ ? पृष्ठ : २३




Manish Nagarkoti
Class 5, Tarkeshwor Municipality




Lakshmi Pariyar
Class 7, Sita Bal Basic School, Halchowk



Ritu Maya Ghale
Class 5, Kalikasharan Sec. School, Tinpiple



Bibek Bhusal
Class 6, Kalikasharan Sec. School, Tinpiple



Susmita Gurung
Class 9, Prithvi Narayan H.S. School, Tarkeshwor

पृथ्वीलाई जगेर्ना गर्न दिगो व्यवस्थापन

पानी पर्दा गड्यौला गाउँघरमा स्याउस्याउती देखिनु । असार-श्रावणतिर पानी परेर रुकेपछि पहेंला भ्यागुता खेतका डिलमा बसेर एकतमास ट्यार ट्यार गरेका आवाज सुनिनु, जंगलको छेउछाउमा रात परेपछि चर्को आवाजले भ्याउँकिरीका आवाज सुनिनु, आँगनबाट चिलले कुखुराका चल्ला टिपेर लानु, स्यालले कुखुरा चोरेर लगेका घटना सुन्नु, खेतवारीका पुतली, फट्याङ्ग्रा खान चराचुरुङ्गी ढुकेर बसेका दृश्य, वर्षायाममा तालु खुइलेका गरुड हिलोमा खुट्टा गाडेर सर्प, भ्यगुता खान ढुकेर बस्नु, घर, वनजंगलतिर माहुरीका घार आदि दृश्य हेरेर हाम्रा बुबा, हजुरबुबाको पालामा गीत, कविता, उखान टुक्का एवं वृत्तचित्र निर्माण भएका छन् । ऋतु परिवर्तनसँगै भंगेरा एवं गौंथली जस्ता चराचुरुङ्गीका भाकामा कति गीत, कविता, चित्र तयार भएका छन् ती सबै आजका युवापुस्ताहरूलाई कुनै दन्त्यकथा जस्तो लाग्दछ ।

चितुवा, बाघ जस्ता मांसाहारी जीव मानववस्तीमा आएर मानव-वन्यजन्तुको द्वन्द्व बढेको छ । अशिक्षा, अज्ञानताको भुमरीमा वर्णशंकर बीऊ (Hybrid Seed) मात्र होइन विषादी र अप्राङ्गारिक मलको प्रयोगले उर्वर जमिन र जल विषाक्त बन्दै गएको छ । वन्यजन्तुको वासस्थान संकटमा परेर पारिस्थितिक प्रणाली नै खलबलिन पुगेको छ । कैयौं युवा जनशक्ति विदेश पलायन भई आफ्नो जोश, जाँगरलाई सकेर विप्रेषन (Remitance Money) स्वदेशमा भित्र्याएर पनि त्यसको सही सदुपयोग हुन नसकेर कृषियोग्य भूमि खण्डीकरण भई सिमेन्टका आधुनिक भवनले भरिँदै गएको छ । प्राकृतिक श्रोत साधनको अति दोहन एवं अवैज्ञानिक तरिकाले खुलेका कलकारखाना, मोटरगाडी आदिको वृद्धिले वायुमण्डल विषाक्त भएर मौसम परिवर्तन जस्ता वातावरणीय समस्या चुनौती बनेर खडा भएको छ । जडीबुटी, काठ, वन्यजन्तु जस्ता प्राकृतिक सम्पत्ति भ्रष्टाचारीको नजरमा परेर प्राकृतिक खाद्य चक्र चुडिन पुगेको छ ।

यसैले देशमा विद्यमान जनशक्ति, जल, जमिन, जंगल, जडीबुटी, जलविद्युत (६ वटा ज) आदिको दिगो व्यवस्थापन गरेर साझा पृथ्वीलाई जगेर्ना गर्न आजका युवा पुस्ताहरूले खवरदारी गर्नुपर्ने बेला आएको छ । ❑

Bimonthly Magazine
GREEN GUARD
Supported by:
LVDI INTERNATIONAL

Chief Editor:
Madhav Paudyal
Associate Editor:
Thaneshwor Pd. Basyal
Shashi Sharma
Reporter:
Hem Magar
Biraj Pun

Editor:
Bishwanath Rijal
Publisher:
Green Guard Nepal
Photo:
Green Guard
Design & Layout:
Pranaya Sindurakar

Office:
Anamnagar, Kathmandu
Mobile: 9808244120
E-mail: greenguard2016@gmail.com

Printed at:
Sopan Press Pvt. Ltd., Dillibazar

बाघको छालामा रजाई



विश्वनाथ रिजाल

सन् २०१० मा रसियाको सेन्ट पिटर्सवर्गमा भएको बाघ सम्मेलनको प्रतिवद्धतासँगै नेपालमा बाघ संरक्षणका लागि सरकारी, गैरसरकारी एवम् अनुसन्धानकर्ताको समूह सकृय हुँदै आएको छ ।

नेपाली सेनाको सुरक्षा घेरा तोडेर प्रकृतिका यी अनुपम जीवहरु चोरी सिकारी हुँदै चीनसँग सीमाना जोडिएका नेपाली भूमि एवम् त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट समेत अवैध निकासी हुने गरेको छ ।

पछिल्लो सरकारी तथ्याङ्क अनुसार झण्डै १३ महिना (जनवरी २०१५ देखि फेवरी २०१६) को अवधिमा नेपालमा बाघको छालासहित अन्य अंगको अवैध व्यापारमा १४ वटा घटना दर्ता भएका छन् । जसमा दुई दर्जनभन्दा बढी अभियुक्त समातिएकोमा बन्जारा समुदायका भारतीय पनि छन् ।

केन्द्रीय अनुसन्धान ब्यूरोको पछिल्लो १४ महिनाको तथ्याङ्कले १४ वटा बाघको छाला समातिएकोमा ६ वटा छाला बर्दिया राष्ट्रिय निकुञ्जका बाघका हुन् भन्ने पुष्ट्याइँ दिएको छ ।

पारिस्थितिक प्रणालीमा सर्वोच्च स्थानमा रहेका यी प्राणीहरुका छाला, हाड, दाँत, नङ्गा आदि राजधानी काठमाडौं हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट निकासी हुँदा यो कालो व्यापारमा लामो हात रहेको पुष्ट्याइँ हुन्छ । जिल्ला वन कार्यालय काठमाडौंमा विगत १० वर्षको पाटे बाघसँग सम्वन्धित मुद्दाको विवरण हेर्दा पनि यो कुराको पुष्ट्याइँ हुन्छ ।

विसं. ०६१ सालदेखि ०७२ सालसम्म जिल्ला वन कार्यालय काठमाडौंमा दर्ता भएका पाटे बाघसँग सम्वन्धित बेग्लाबेग्लै मुद्दामा स्वदेश तथा विदेशका गरी २७ जना आरोपितमध्ये ६ जना चिनियाँ नागरिकहरुमध्ये एकजनालाई ६ वर्ष ७ महिना कैद तोकिएको थियो । त्यस्तै गरी दुई जनालाई ५ वर्ष कैद, १ जनालाई १ लाख जरिवाना र अर्का १ जनालाई ५० हजार जरिवाना गरिएको थियो । थप १ जनाले सफाइ पाएका थिए ।



थाइल्याण्ड नागरिकबाट बरामद बाघको छाला

त्यस्तै नेपालका १६ जना मध्ये ७ जनालाई ५ वर्ष कैद, १ जनालाई कैद वापत नगद जरिवाना, ५ जनालाई १ लाख जरिवाना र ३ जनालाई सफाइ दिइएको छ ।

त्यसैगरी भारतका ४ जना समातिएकोमा जनही ५० हजार जरिवाना गरिउको थियो । पछिल्लो समयमा एकजना थाई नागरिकाले ७५ हजार रुपैयाँ जरिवाना बुझाएर उन्मुक्ति पाएका थिए ।

संरक्षित जनावर बाघको चोरी सिकारी तथा आखेटोपहार अवैध रुपमा ओसार-पसार तथा विक्री

गर्नेलाई ५ वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाखसम्म जरिवानाको व्यवस्था ऐनमा गरिएको छ ।

यसरी जिल्ला वन कार्यालय काठमाडौंमा दर्ता भएका मुद्दाको फैसला फरक-फरक ढंगले हुनु र मुद्दाको अन्तिम किनारा पनि फरक-फरक समयको अवधिमा हुनुले अपराध मौलाउन सहयोग पुगेको देखिन्छ । एउटै प्रकृतिका अपराधी भनेर प्रहरीले समातेका अभियुक्तहरु अनुसन्धान, तहकिकात देखि मुद्दाको अन्तिम किनारा हुँदा एउटै नजिर स्थापित नभएर फरक ढंगबाट गरिने निर्णयले समेत बाघको छालामा रजाइँ गर्ने प्रवृति बढेको पाइन्छ ।

समान प्रकृतिका मुद्दामा विदेशीहरुले पाएको फरक-फरक ढंगका सजायँले समेत द्विविधा उत्पन्न भएको देखिन्छ । केही संरक्षित जनावरको आखेटोपहार ओसार-पसारमा सजिलै छुटकारा पाएका छन् भने संरक्षित वन्यजन्तु बाहेकको अन्य मुद्दामा सजायँ पाएर दोषी ठहऱ्याइएका घटनाहरु छन् । यसलाई पुष्ट्याइँ गर्ने केही प्रमाणहरु जि.व.का. काठमाडौंमा दर्ता भएका वन्यजन्तु सम्बन्धी मुद्दाहरु मध्ये केही यहाँ उल्लेख छन् ।

०६५ सालमा बाघको छाला राखेको आरोपमा नेपालबाट फरार बनेका अमेरिकन नागरिक इयान बेकर इन्टरपोलको निगरानिमा छन् । पछिल्लो समयमा जिल्ला वन कार्यालय काठमाडौंमा वन्यजन्तु (भालु) को दाँत बोकेर हिँडेका काम्बोडियन नागरिक एवम् घरेलु भैंसीको सिङ बोकेर हिँडेका अमेरिकन नागरिकले स्वदेश फर्कने क्रममा आफ्नो महत्वपूर्ण उडान रद्द गरी सजायँको भागिदार भएका थिए भने अर्काितर ०७२ फाल्गुनको अन्तिम सातातिर बाघको दाह्रासहित एक मलेसियाली नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सजिलै उम्कन सकेका थिए ।

यसैगरी ०७२ चैत्रको दोस्रो साता विश्व काठ सम्मेलनको अवसरमा विदेशी पाहुनाहरुले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादीको खुल्ला चौरमा वन्यजन्तुको आखेटोपहार प्रयोग गरी देखाएको मनोरञ्जनले समेत सानालाई ऐन, ठूलालाई चैन भन्ने कुरा चरितार्थ भएको पाइन्छ ।

निम्न तथा मध्यम वर्गका व्यक्तिहरुलाई संलग्न गराई दुरदराजबाट गरिने बाघ लगायतका वन्यजन्तुको अवैध सिकार एवम् अवैध व्यापार मौलाउँदै गएको छ ।

नेपालमा ओहोर-दोहोर गर्ने भारतका अल्पसंख्यक आदिवासी वावरी, वञ्जारा समूहका व्यक्ति, जो परम्परागत औजार प्रयोग गरी नेपालका बाघ मार्ने गरेको खुलासा भएको प्रतिवेदन बेलाबेलामा अनुसन्धान एवम् सुरक्षाकर्मीबाट जानकारी पाइन्छ । आधुनिक सुचना प्रविधि एवम् कडा सुरक्षा हुँदाहुँदै सधै उनीहरुमा समस्या पन्छाएर संरक्षण निकायहरुले आफ्नो उपलब्धि ठान्नु कत्तिको उचित होला ? जब कि अन्तर्राष्ट्रियरुपमै यी समुदायको वैकल्पिक रोजगारको व्यवस्था गरी उनीहरुलाई समाजमा स्थापित गराउन भारतसँग पहल गर्नु बुद्धिमानी पनि देखिन्छ ।

यस्तै वन्यजन्तु अपराध बारेका सूचना एवम् सन्देश सेवा प्रदायक निकाय एवम् त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रवेशसँगै पर्यटकहरुले भर्ने डिक्लियरेसन र्फम मार्फत जानकारी गराउन महत्वपूर्ण देखिन्छ । वन्यजन्तु अपराध सम्वन्धी अनुसन्धान एवम् तहकिकात एव् मुद्दाको अन्तिम किनाराका लागि एकरुपता कायम गर्न ग्रीन कोर्ट (बेन्च)बाट गर्ने व्यवस्था मिलाई यसमा संलग्न अधिकारी एवम् छिनोफानो गर्ने न्यायमूर्तीहरुलाई नजिर स्थापित गर्न उत्प्रेरित गर्नुपर्दछ ।

अमेरिकाको युनिभर्सिटी अफ मोन्टानाका विद्यार्थीहरुले संसारभरिका बाघको बासस्थान रहेको ठाउँ आफ्नै

विश्वविद्यालयबाट अध्ययन गर्न सम्भव भएफै हाम्रो देशमा निश्चित वासस्थानमा २०० को हाराहारीमा रहेका बाघहरुको रेडियो क्लरिङ्ग गरी अध्ययन अनुसन्धानमा संलग्न शैक्षिक संस्था, व्यक्ति एवम् सुरक्षा निकायहरुलाई अवलोकनको जिम्मेवारी दिने हो भने पक्कै पनि अपराधका घट्नाहरुबारे थप रहस्य खुल्दै गई संरक्षणमा थप टेवा पुग्नेछ ।

हुन त सुरक्षा घेरामा रहेको बर्दिया राष्ट्रिय निकुञ्जको एक बाघ रेडियो क्लरिङ गरेकै अवस्थामा सन् २०११ मा चोरी सिकारीको निसानामा परेको तथा २०१७को शुरु महिनामै चितवन राष्ट्रिय निकुञ्जमा गाडीको ठक्करबाट एक बाघ तथा पर्सा वन्यजन्तु आरक्षबाट गाउँ पसेको बाघ मानवीय त्रुतीका कारण मृत्युवरण गरेको तीतो यथार्थतालाई मध्यनजर गर्दा संरक्षणमा स्थानीय गाउँलेहरुको सहभागितालाई सक्रिय बनाउने हो भने संरक्षणमा उपलब्धी एवम् अपराध न्यूनीकरणमा केही हदसम्म सफलता हासिल गर्न सकिने प्रमाण १९९०/०९१ ताका चितवन राष्ट्रिय निकुञ्जको क्षे त्रमा रहेको टाइगर टप्सका बाघ संरक्षणकर्मी चक म्यागडुगलको उदाहरण पनि लिन सकिन्छ । ❑

पुरस्कार/PRIZES

नेपालमा दोस्रो पटक **अन्तर्राष्ट्रिय बाँदर दिवस (International Macaque Day)** आयोजना हुँदैछ । सोको उपलक्ष्यमा निम्न प्रतियोगितामा भाग लिनुहोस् र पुरस्कार जित्नुहोस् ।

१. प्रकृतिमा बाँदर (Monkey in Nature) निबन्ध, कम्तीमा २०० शब्द ।

२. बाँदर सम्बन्धी चित्रकला (Drawing about Monkey)

सम्पर्क:

हरियाली रक्षक, नेपाल

हाम्रो नागार्जुन वन



नविन राना मगर
कक्षा १०, श्री पुरानो गुहेश्वरी मा.वि. गोलढुङ्गा

नागार्जुन वन थुप्रै रहेछ यहाँ वन्यजन्तु र पशुपन्छी ।
१,२,३,४ थुप्रै गरे मैले गन्ती ।
रातो हाब्रे, मृग थुप्रै रहेछन कालिज पनि ।
प्रकृतिको सुन्दर यो वन आफ्नै भेषमा ।

इतिहासमा यो वन रमणिय थियो, थिएन द्वन्द्व ।
वर्तमानमा देख्छु, सुन्छु मानव–वन्यजन्तु द्वन्द्व
जडिबुटी छ यहाँ प्राकृतिको स्रोतको नाममा ।
उत्खनन भईराखेको छ विदेशी नोटको नाममा ।

संसारकै सुन्दर यस वनमा, गयोकी !
लोप हुँदै गइराखेको यहाँका जिवजन्तु !
चोरी, शिकारी, पैठारी पो भयोकी ?
कसले हेर्ने, कसले देख्ने कसले बुझ्ने यस वनलाई

हृदय देखि नै संरक्षण गर्न लाग्यो भने सवैको भलाई ।
सजाय किन छैन वन्यजन्तु लोप गराउनेलाई ?
सायद यो वनको पनि संरक्षण संम्भार हुन्थ्यो ।
सरकारी निकाय, संस्था, र समाजको ध्यान भए ।

नेपालमा वयस्क **बाघको संख्या** (चिडियाखाना बाहेक) १ सय ९८ पुगेको छ । सन् २००८/०९ मा गरिएको गणनामा नेपालमा बाघको संख्या १ सय २१ थियो । 'विश्व बाघ पुनःस्थापना कार्यक्रम' अन्तर्गत सन् २०२२ सम्ममा नेपालमा बाघको संख्या 'कम्तीमा पनि २ सय ५० पुऱ्याउने' प्रतिबद्धता नेपालले गरेको छ ।

चराहरु स्वतन्त्र भएको अविस्मरणीय दिन



पूर्णिमल बुढा
कक्षा-१०
नागार्जुन ठूलागाउँ उ.मा.वि., जितपुरफेदी

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको आँडैमा तारकेश्वर न.पा. १२, आँपचौर स्थित भञ्याङ्ग रिसोर्टमा केहि समयदेखि वनका चारवटा चरा खोरमा राखिएका थिए। हामीलाई वन्यजन्तु घरमा पालन गर्नुहुदैन भन्ने जनचेतना दिदै आउनु भएका Green Guard Nepal का प्रतिनिधिले उक्त क्षेत्रमा गई रिसोर्ट संचालकसँग मैत्रीपूर्ण वार्तालाप गर्नुभएको रहेछ। मंसिरको दोश्रो सात शुक्रवारको दिन हामी २५ जना विद्यार्थी समूह स्कुलको पठनपाठन सकेर सो ठाँउका चरालाई मुक्त गरेर स्वतन्त्र गर्ने कार्यक्रम थियो । Green Guard Nepal का प्रतिनिधि र रिसोर्ट संचालक रेशम भण्डारी सँग भएको प्रत्यक्ष वार्तालाप हामीले सुन्यौ ।

यति मात्र होइन ति वनका चरिको वैज्ञानिक नाम



खोरमा रहेका वनका चरा

एव स्थानीय नाम थाहा पायौ उहाँहरुको वार्तालापको प्रमुख अंश "कुनै व्यक्ति आएर दाई तपाई यी चरा बेच्नु हुन्छ ? वा दाई तपाई यी चराको मासु खुवाउनु हुन्छ ? वा दाई तपाई यी चरा गोंगबु नया बसपार्कसम्म ल्याइदिनु होस् तपाईले भनेको पैसा हामी दिन्छौं भन्दा पक्कै पनि तयार हुनुहुन्छ अनि तपाई यिनै माथिको कुनै कार्य स्वीकार गर्दा गर्दै प्रहरीले तपाईलाई समात्दछ । बीचमा तपाईसँग माथिका प्रश्न गर्ने मान्छे फरार हुन्छ। तपाई उसलाई चिन्नुहुन्न, उसको तिन पुस्ते थाहा पाउनु हुन्न । तपाई वा तपाईको कारिन्दा राष्ट्रिय निकुञ्ज तथा



वनका चरा विद्यार्थीहरु उडाउँदै

वन्यजन्तुसंरक्षण ऐन २०२९ अनुसारको दण्ड सजाय अनुसार कम्तीमा २५ दिन अनुसन्धानको क्रममा जेलमा बस्नु पर्दछ अनि २५ दिन पछि चराहरु जफत गरी तपाईले अवैध रुपमा वन्यजन्तु पालना गरेको वा ओसारपोसार गरी खरिद विक्री गरेको भनी जरिवाना वा कैद वा दुबै सजाय पाउनु हुन्छ यस्तै नियतिको सिकार सोझासाझा नेपालीले भोगेको छन् भन्दा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको नागार्जुन वनकै आडमा अवस्थित भन्ज्याङ रिसोर्टका संचालक रेसम भण्डारी एकैछिन भयभित हुनुभयो । पुनः उहाँले हाम्रो काम जनचेतना जगाउनु हो। हामी तपाईलाई समात्न पनि आएका होइनौं। वन्यजन्तु अवैध रुपमा



बन्धनबाट मुक्त भएका वनका चरा

पालन गर्नु पनि गैरकानूनी मानिन्छ । तपाईको नियत राम्रो भएपनि थप समस्यामा पर्नुहोला भनी भन्नुभयो । त्यसपछि रिसोर्ट सञ्चालकले भने पहिले यिनै ठाउँमा बँदेल, मृग, अवैध रुपमा सिकार हुने र यिनीहरुको मासु उपभोग हुँदा केही कारवाही हुँदैन थियो । आखिर हामी सोझा साझालाई कानून लाग्ने हो । हामीले यी चरा वनबाट समातेको पनि होइन, यिनै खोर भित्र आफै आइपुगेका हुन र राखेका हौं । हामी तुरुन्त छाडिदिन्छौं भनी तयार हुनुभयो ।

नागार्जुन ठूला गाउँ उ.मा.वि.का हामी विद्यार्थीमा थप जनचेतना होस् भनी विद्यालयको पठनपाठन सकिए लगत्तै सो दिन करिब २५ जना विद्यार्थीहरुको उपस्थितिमा रिसोर्टका कर्मचारीले खोरमा रहेका चरा समातेर विद्यार्थीको हातमा राखी दिए । चारजना विद्यार्थीले खोरका ति चारवटा चरा हातमा लियौं र एक एक गरेर चरालाई आफ्नै हातबाट मुक्त गऱ्यौं, ति चरा चिरबिर गर्दै वनतिर उडेका थिए । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा ३१८ जातीका चरा रहेको तथ्याङक छ । यी उद्धार गरिएका चरा स्यालपोथरी लाम्पुच्छ्रे (Red-billed Blue Magpie Urocissa erythrorhynche) जातका हुन् भने कुरा उपस्थित विश्वनाथ रिजालले बताउनु भयो ।

चरा स्वतन्त्र रुपले रमाएर उडेको त्यो दिन हामीले निकै आनन्द महसुस गऱ्यौ । अझ हामी विद्यार्थीका कोमल हातमा पर्दै गर्दा तिनिहरुले एकै स्वरमा चिरबिर गरेको आवाजले लाग्दथ्यो, पक्कै तिनले आफ्ना संरक्षक भेटेको महसुस गर्नुपर्दछ । हामी एउटै आवस गृहमा बस्ने साथी भाई घर गएर रातीसम्म ती चरा उडाएको आनन्द लाई एक आपसमा साटफेर गरिरहयौ । आज पनि त्यो दिनको सम्झना अन्य साथी भाई, इष्टमित्र गुरुवर्गहरुलाई सुनाउदा सबैले रोचक मानेर सुन्दछन् । अझै पनि त्यो दिनको सम्झना हामी साथी भाई तलको लोक दोहरी गाउदै घर फर्केको अविस्मरणीय दिनले हामीलाई झन रोचक उत्साह दिलाउँछ ।

"वनको काफल वनकै चरीलाई तिम्रो माया दुइ दिनको भएपनि मेरो माया जुनि भरिलाई ....."

❑

मानव-वन्यजन्तु द्वन्द्व बढेको अवस्था



हामी युवा अवस्थामा गोठालो जाँदा वन नजिकै ऐंसेलु, काफल खाएर खाजा नै खानु पर्दैनथ्यो । चराहरूको चीरवीर आवाजले वातावरण नै मनमोहक हुन्थ्यो । हामीले खतेवारीमा साग, अन्नबाली लगाएर घरका सबै सदस्यलाई पुग्दो हुन्थ्यो । नजिकै वनका मृग, हरिण खेतवारीमा डुल्दै आइपुग्थे र फेरि जंगलतिर नै रमाएर जान्थे । आजभोलि ती वन्यजन्तु लोप भएको अवस्था छ । अवैध रुपमा चोरी शिकारी गरी यसको अवैध व्यापार बढेको सुनिन्छ । मानव वस्तीमा बाघ, चितुवा जस्ता हिंस्रक वन्यजन्तु आउन थालेका छन् । एक प्रकारले यिनीहरूको वासस्थान संकट परेर मानव-वन्यजन्तु द्वन्द्व बढेको अवस्था छ ।

- शिव प्रसाद विडारी
टोखा चण्डेश्वरी न.पा. संरक्षण क्षेत्र

सदर चिडियाखाना : शैक्षिक भ्रमण



चन्द्र दिप परियार
कक्षा-५
नागार्जुन ठूलागाउँ उ.मा.वि., जितपुरफेदी

गत मंसीर २ गते, नार्गाजुन ठूला गाँउ उच्च मा.वि. जितपुरफेदीमा प्राथमिकतहमा अध्ययन गर्ने झण्डै १५० जना हामी विद्यार्थीहरु सदर चिडियाखाना जावलाखेल पुग्यौ । सर्वप्रथम चिडियाखानाका कर्मचारीले हामीलाई एउटा हलमा राखेर चिडियाखानाको वारेमा जानकारी गराउनु भयो । इ.स. १९३२ मा श्री ३ जुद्ध शम्शेर ज.व.रा. ले आफ्नो सोखले यस चिडियाखानाको निर्माण गर्नुभएको हो । स्व. श्री ५ विरेन्द्रको स्वर्ण शुभ जन्मोत्सवको उपलक्ष्यमा King Mahendra Trust for Nature Conservation (KMTNC) हाल NTNC को मातहतमा ३० वर्षको लागि रहने गरी यस चिडियाखाना संचालनमा दिइएको रहेछ । ४ हेक्टर क्षेत्रफलमा फैलिएको यस चिडियाखानामा १०९ प्रजातिका ८७० स्तनधारी, चरा, माछा, सरिसृप छन् । चिडियाखाना भित्र पुस्तकालय, बालबालिकाको लागि विभिन्न मनोरञ्जन गराउने खेल तथा मध्य भागको पोखरीमा खुट्टाले चलाउने डुंगा समेत रहेको छ । पोखरीको निर्माण भने सिद्धिनरसीह मल्लको पालामा भएको रहेछ । चिडियाखानाका साथि (Friends of Zoo) को अवधारणा अनुरुप धेरै विद्यार्थीहरु यसमा सहभागि भएर वन्य जन्तु संरक्षणमा महत्वपूर्ण भूमिका खेलेका पाइयो ।

सर्वप्रथम हामीहरुले घडियाल गोही देखियौं, त्यसपछि सानो घरमा सजाएर राखिएको वन्यजन्तुको आखेटोपहर पनि अवलोकन गरियो । त्यसपछि हामिले चित्तल कृष्णसार, वाह्रसिघां, जरायो, रतुवामृग, चरिवाघ, रातो वादर, पहरेवादर, लंगुर बाँदर, सिमाङ (वन मान्छे) देख्यौं । टाढै देखि गन्हाउने स्याल, चितुवा, चरिबाघ, काँठे भालु, विभिन्न जातिका कालिज, मयुर, विभिन्न जातका चरा, कछुवा एव अजिंगरहरु देखियो, सतुरमृर्ग एव लाटोकोसेरो आदि हेरयौं । जंगलीवदेल, अर्ना जस्ता जनावर एव पाटेवाघ समेत अवलोकन गरयौं । एकसिंगे गैडा पनि नजिकैबाट हेर्न पाइयो । जलगैडा लेखेको नाम त हेरियो तर त्यसवेला जलगैडा वाहिर आएको देख्न पाइएन । हात्तिमा चढेर यताउता गर्दै रमाउनेहरु पनि निकै



सदर चिडियाखाना अगाडि सामूहिक फोटो लिदै

थिए । हामिलाई सुरुमै वन्य जन्तुलाई नजिस्काउनु अनि खानेकुरा पनि नदिनु भनेको हुनाले सोको पालना गरयौं । हामिले ठाँउठाँउमा बैज्ञानिक तवरले राखिएका जनावरको संक्षीप्त विवरण हेर्दै सम्वन्धीत जनावर हेर्न पाउदा निकै नै ज्ञान बढेको महसुस गर्‍यौं । हामीले हेर्दाहेर्दै जनावरको फोटो निकै लियौ । चिडियाखाना डुल्दाडुल्दै हामीलाई भोक लागेको थियो



वन्यजन्तुको फोठो लिदै विद्यार्थीहरु

केहि समय खाजा खान त्यहाको चौरमा भेला भयौं । चौर नजिकै ठुलो जालीदार खोरमा विभिन्न रंगका मकाउ सुगा पनि हेरयौ । ति मकाउ सुगा बिदेशबाट काठमाडौंमा अबैध आयात गरेको अवस्थामा जिल्ला वन कार्यालयले समातेर आवश्यक संरक्षणको लागि चिडियाखानामा बुझाएको रहेछ । ति मकाउ सुगा त विश्वमा दुर्लभ नै मानिदो रहेछ । खाजा खाइ सकेपछि त्यहा रहेको खेलमैदानमा चिप्लेटी, रोटेपिङ जस्ता खेलले हामिलाई आकर्षण गऱ्यो । हामि ति खेलमा केहि समय खेल्न ब्यस्त भयौं । हामी जस्तै विभिन्न स्कुले विद्यार्थी एव परिवार सहित चिडियाखानामा मानिसहरुको बाक्लो उपस्थीतले हामिमा थप उत्साह बढिरहेको थियो । समय वितेको थाहा नै नपाइ साझ पर्न लाग्दा सामूहिक फोटो लिई हामी गन्तव्य तिर पाइला चाल्यौं । शैक्षिक भ्रमणमा हामिलाई सहयोग पुऱ्याई दिनुहुने सम्पूर्ण सर, मिस एवम् Green Guard Nepal लाई धन्यवाद दिन चाहन्छु ।

❑

"I believe that if children fall in love with wildlife they will grow up wanting to protect it."

-Imogen Taylor

हाम्रो रानीवन

बिन्दु राना मगर
कक्षा : ७
श्री पुरानो गुहेश्वरी माध्यमिक विद्यालय

कति राम्रो रानी वन हरियाली छाएको
कति राम्रो देखीने, हेरुहेरु लागेको
वरपर जङ्गल बीचमा समथर
हेर्दाहेर्दै प्रेरणा पाउने कस्तो यो अचम्म
यसलाई भनिन्छ हाम्रो साझा सम्पत्ति
सधै गर्नु संरक्षण सानाले पनि
वन संरक्षण जति गरे उति सुन्दर देखिन्छ
त्यहि माथि कोइली गाएर मयुर नृत्य देखाउछ
रुख नकाटी पात नफाली जोगाउनुपर्छ वन
साझा सम्पत्ति जोगाउनु पर्छ लगाई मन ।

वनजङ्गल

मनिष तामाङ्ग
कक्षा ८
श्री पुरानो गुहेश्वरी माध्यमिक विद्यालय

वनजङ्गल जोगाउनु छ, हामी सबैले ।
वृक्षरोपण गरौं है गाँउबासीले ॥
हराभरा वनजङ्गल नेपालको धन ।
वनजङ्गलको संरक्षणमा हामी सबैको मन ॥
वन फडानी नगरौं वन संरक्षण गरौं ।
वनजङ्गल बारे सबैलाई जनचेतना फैलाऔं ।
घाँस दाउरा काट्नाले बाढी पहिरो आँउछ ॥
बाढी पहिरो आँउदा खेरि ज्यान पनि जान्छ ।
हराभरा वनजङ्गलमा अक्सिजन पाइन्छ ॥
माटो बगाई लैजादा पानी सुक्दै जान्छ ।
यसैले वृक्षरोपणमा हामी सबैको भलो ॥

नागार्जुन वनको भ्रमण




विष्णु वि.क.
कक्षा १०
श्री पुरानो गुहेश्वरी मा.वि.

मंसीरको दोश्रो सातातिर हामी कक्षा ९ र १० का विद्यार्थीहरु हाम्रो स्कुल नजिकै रहेको नागार्जुन वन घुम्ने मौका पायौं । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज अर्न्तगत पर्ने यस वनमा हामी करिब ६० जना विद्यार्थीहरु एव ३ जना शिक्षक सहित भ्रमणमा गएका थियौ । नागार्जुन वनको प्रवेश स्थल फुलवारी गेटमानै रेडपाण्डा संरक्षण गरौं भन्ने वोर्डले हामीलाई आकर्षण गऱ्यो । भने अर्को तिर "नागार्जुन वनका केहि वन्यजन्तु" भन्ने अर्को वोर्डले समेत कौतुहला जगाएको थियो । गेट भित्र प्रवेश सँगै केहि राता बाँदरको समूह ओहर दोहर गर्दै गरेको दृश्यले हाम्रो मन रोमाञ्चक वनेको थियो ।

केहि साथीहरुले आ-आफ्नो मोबाइल, क्यामराबाट तस्वीर लिन तयार अवस्थामा थिए । वन्यजन्तुहरुलाई वाधा होला भनि हामी निकै शान्त अवस्थामा अगाडि बढिरहेको थियौं । शान्त वातावरणलाई वाधा पुरयाउदै तिव्र गतीका मोटरसाइकल एव चारपांग्रे गाडी बाट हामी बचेर हिड्नु परेको तितो यथार्थताले वन्य जन्तुलाई कस्तो हानी पुग्ला भन्ने कुरा मनमा आइरहेको थियो । वाटोमा चाउचाउ, फ्रुटी एवं चकलेट वा खोल एव सुर्ती, चुरोट का ठुटाले समेत यो क्षेत्रमा मानवीय कृयाकलाप को हस्तक्षेप देखियो । घनाजंगल होलान भनेको त बुढा-खाडा रुखहरु ठिङ उभिएका एवम् घासपात, वृट्यान समेतको अभाव रहेको वनको अवस्थामा देखियो । वनभित्र एक ठाउबाट अर्को ठाँउ हेर्दा झण्डै एक - दुई कि.मी परसम्मको ठाँउ छर्लङ्ग देखिंदा वन्यजन्तुको वासस्थान जीर्ण रहेको पाइयो । अझ साना साना घास, दुवो खाने शाकाहारी चित्तल, घोरल आदि जीव त देखिएला भनेको ति पनि कहा पो देखिनु र ? हामी वाटोवाटै गइरहेका थियौं झण्डै आर्मीको चेकपोष्ट जस्तो ठाउमा कालिजहरु हेर्न पायौं । ति कालिजहरुले पनि खोरमा उचित स्याहार संभार नपाएर हो कि त्यति रमाएका देखिएनन्, पत्रपत्रिकामा सुनेका भरमा विभिन्न जीवजन्तु होलान्, अझ वेलावेलामा मानव वस्तीमा आउने चितुवा जस्ता जीवको आक्रमणमा परिन्छ कि भन्दै अगाडि बढ्दै थियौ ।

मेरा केहि साथीहरुले फुलवारी गेटमै वन्यजन्तुको केहि लिष्ट कन्ठै पारेका थिए । ध्वासे चितुवा, चितुवा, चरिवाघ, सालक, लोखर्के, चितल, घोरल, कालो भालु जस्ता जीव देखिने डर एवं जिज्ञासा मिश्रीत भावमा थियौं । कोही सबैभन्दा सानो चरा काढेभ्याकुर (स्पाइनी व्यावलर), लाटोकोसेरा जस्ता जीवको फोटो लिन पाइन्छ भन्दै रुखका हाँगाविंगातिर हेर्दै थिए । हुन त गोमन (कोबरा) को डरले पनि



नागार्जुन वन क्षेत्रमा फालिएको फोहोर

नसताएको होइन, केहि छेपारा देखिए पनि भ्यागुता देखिएनन् हुन त जंगली जनावरहरु रातमा सकृय हुनाले हामीले ति जीव सँग साक्षात्कार हुन पाएनौं । हामीलाई तिर्खा लागेको पनि थियो त्यहिवेला त्यस क्षेत्रमा वन्य जन्तुले आफ्नो तिर्खा मेटाउन कहाँ जालान् ? भन्ने सोचपनि आयो । किनभने त्यतातिर कुनै पोखरी थिएन । अपरान्हतिर पुनः राता बाँदरको विभिन्न समूह वेजोडले वालाजु वाइसधारा क्षेत्रतिर हानिएको पाइयो, पक्कै पनि ति तिर्खाएर पानी खान गएको हुनुपर्दछ ।

वन्यजन्तुको वास स्थान क्षेत्रमा मानिसहरुले आफ्नो समय कटाउने, हाइकिङ, वाइकिङ, साइकलीङको निहुमा सोही क्षेत्रभित्र पुग्ने, वन क्षेत्र भित्रभित्रै जतातते बाटो, ध्वनी प्रदुषण आदिले वन्यजन्तुको वास स्थानमा निकै ह्रास आएको पाइयो । स-सना हरियो वनस्पतिको अभाव आदिले गर्दा साकाहारी वन्य जन्तुमा निकै असर परेको महसुस भयो ।

जंगलभित्र यथासिध्र अनावश्यक कृयाकलाप, रोकी त्यहाँका वन, वनस्पति जर्गेना गर्ने तिनीहरुको वैज्ञानिक नामाकरण गर्ने एवं जंगल छेउ त्रिशुली-काठमाडौं सडक छेउमा जथाभावी फोहोर फाल्ने कार्यलाई निरुत्साहित तुल्याउने । तिव्र गतीमा ध्वनि प्रदुषण गर्दै मोटरसाइकल, चारपाङग्रे गाडी चलाउन समेत प्रतिबन्ध लगाउनु पर्दछ । जंगलभित्र बुट्यान, काँठपातमा आश्रीत गाउँलेहरुलाई वैकल्पीक व्यवस्था समेत उपलब्ध गराएर वन जंगलको संरक्षणमा जोड दिनु पर्दछ । त्यतिमात्र होइन जंगलभित्र पेट्रलले चल्ने गाडि प्रवेश रोक लगाई जंगल वरीपरी विद्युतीय सवारी चल्ने बाटो निर्माण गरी जीवजन्तु अवलोकन गर्ने व्यवस्था मिलाउन सक्नुपर्दछ । ❑

छवटा जीवितै हुँचिल त्रिभुवन विमानस्थलबाट पार गर्दै



विमानस्थलबाट बरामद हुँचिल

छोटु भनिने ३५ वर्षीय मोहम्मद उस्मान वन्यजन्तु र चराको अवैध व्यापारमा संलग्न भएर २ पटक जेल परे । जेलबाट निस्किएकै दिनदेखि वन्यजन्तु र चराको तस्करी र बेचबिखनमा संलग्न हुन भने छाडेनन् । तिनै छोटु र फैजल मोहम्मद नाम गरेका कतारी नागरिक मंसिर १२, २०७३ हुँचिलसहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट समातिएका थिए । बोर्डिङ्ग पास लिएर उडानका लागि पर्खिरहेको बेला चराको आवाज सुनिएपछि फैजलको सुटकेश परीक्षणका क्रममा ६ वटा हुँचिल भेटिएर प्रहरीले उनलाई पक्राउ गरेको हो । हुँचिल पुऱ्याउन विमानस्थल गएका बेला फैजलसहित छोटु पनि पक्राउ परेका थिए ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले गत असार २ गते १०९ कछुवासहित चरा बेचबिखनमा छोटुलाई सामाखुसीस्थित नरेश शाहीको घरबाट पक्राउ गरी वनलाई बुझाएको थियो । त्यतिबेला उनी साढे दुई महिना जेल बसेर बाहिरिएका थिए । २०७१ असार ३० गते उनी १६२ वटा लबबर्ड नामका चरासहित पक्राउ परेका थिए । त्यतिबेला पनि उनी जेल परेका थिए । कम सजाय पाएर पटक-पटक जेल पर्दै आएका अभियुक्तलाई कडा सजाय दिलाउन नसक्नु पक्कै पनि षडयन्त्रको गन्ध देखिएको छ । -हरियाली रक्षक डेस्क

"If we can teach people about wildlife, they will be touched. Share my wildlife with me. Because humans want to save things that they love."

-Steve Irwin

चितुवाको आक्रमणमा परेका घनश्याम घिमिरे



कृष्ण तिवारी
कक्षा ११
श्री जितपुर उ.मा.वि. किसनडोल, जितपुर

हामीलाई वन्यजन्तु संरक्षणको बारेमा जनचेतना जगाउदै आउनुभएका Green Guard Nepal बाट नेपालका वन्यजन्तु संरक्षण, वन्यजन्तु अपराध एवं वन्यजन्तु आक्रमण तथा क्षतीबाट पाउने राहत सम्बन्धमा जानकारी पाउदै आएका थियौ । वन्यजन्तुका अपराधमा केहि घटनाका अलावा वन्यजन्तु आक्रमणमा परेका एक जना हाम्रा गाँउले घनश्याम घिमिरे दाइको कथा व्यथाले वन्यजन्तु संरक्षणका जिम्मेवार निकायहरुबाट नै वन्यजन्तु संरक्षणमा ढिलासुस्ती एवं जिम्मेवार नभएको त होइन भन्ने कुरा यहाँ उल्लेख गर्न चाहन्छु । "धान खाने मुसो चोट पाउने भ्यागुत्तो" भन्ने उखान झै वन्यजन्तु अपराध गर्ने मुख्य नाइके एउटा छन् तर सजाय पाउने गरिब, सोझा जनता छन् । अर्कोतिर वन्यजन्तुको आक्रमण एवम क्षतिबाट पाउने राहत समेत सम्बन्धीतले पाउन नसक्दा गाँउघरका सोझा साझा गाँउले एवंम कृषकले नैरश्यता व्यक्त गरेको पाइन्छ ।


यस्तै नियतिको सिकार ताकेश्वर न.पा.-७ का घनश्याम घिमिरेले सोही ठाँउमा भेला भएका सरकारी



अस्पतालमा उपचार गराउँदै घनश्याम

निकायका प्रतिनिधिलाई आक्रोश पूर्ण रुपले भन्दै गर्दा उहाँको कथा व्यथालाई समेट्ने जमर्को गरेको छु । संरक्षणका बारेमा भेला भएको सरकारी प्रतिनिधिलाई उहाँ भन्दै हुनुहुन्थ्यो "तपाईको कार्यलयमा समस्या लिएर जाँदा उल्टै हामीलाई निरास बनाएर पठाउने, यहाँ आएर मिठा मिठा कुरा गर्ने" वास्तवमा उहाँको कथा व्यथा पूर्व नै मैले मुड्कु र ओशो तपोवनको बीचमा गत वर्षको माघ महिनामा एकजना मजदुरको अनुहार आलु ताछेझैं वन्यजन्तु (चितुवा) ले खाई मारेको भेटिदा ति मृतकको परिवारले न त राहत पाए, न त घटना विवरण नै बाहिर आयो । हाम्रा घनश्याम घिमिरेले पाउनु भएको दुःखको प्रसंग कोट्याउदै उहाँको घरमा पुगेर उहाँलाई चितुवाले आक्रमण गरेको तस्वीर हेरे । अनि प्रहरी कार्यालयले लेखेको पत्र पनि हेरे । अनि आक्रोश पनि किन नपोखुन जस्तो लाग्यो । उहाँसँग थप जिज्ञासा राख्न खोज्दा आफ्ना कथा व्यथा सविस्तार बताउन थाल्नु भयो । २०७२ फागुन १५ गते १० वजेतिरको कुरा हो, म आफ्नै पसल तिनपिप्लेमा थिए । जितपुरफेदी, तिनपिप्लेका प्रहरी इन्चार्ज जाली नारायण श्रेष्ठ हतारिदै म कहाँ आउनु भयो भाई ! गोलढुङ्गा, फुयालचोकतिर एउटा चितुवा गाँउमा पसेको छ, गाँउले लाई आक्रमण गर्ने अवस्था छ, तिम्रो मोटर साइकलमा मलाई त्यहाँ पुऱ्याईदेउ भन्नु भयो, सुरुमा हजुर ! मैले आज नराम्रो सपना देखेको छु । म जादिन भने, तर उहाँले केहि हुदैन हिड भन्दा मैले पसल नै बन्द गरेर उहाँलाई सहयोग गर्न भनेर सो ठाँउमा पुगे । करिब ११ बजेको

हुँदो हो, त्यहाँको बारीको पाटामा गाँउलेहरु जम्मा भएर चितुवा आएको भनि कराइरहेका थिए । केहि सैनिक अनि केहि प्रहरी पनि थिए । प्रहरी जाली नारायण श्रेष्ठसँगै म बाँस भ्याङ्गतिर अगाडि बढेको त एक्कासी कसले हो कुन्नी भ्याम्म भ्याम्म मेरो अनुहारमा हान्यो । मेरो काँधमा हान्यो, सर्ट नै च्यातियो । एकातिरको सर्टको बाहुलानै लिएर गयो । रक्ताम्मै भए । केही थाहा पाइन कसले हो कुन्नी पिपुल्स हस्पीटल बालाजु लगेका रहेछ । त्यहाँ उपचार नहुने भएपछि ग्रीन सीटी हस्पीटल पुऱ्याए । ३ दिनपछि मेरो होस् आयो, १ महिना पछि मात्र हस्पीटलबाट घर आउन पाए, मेरो दाहिने आँखाको



चितुवाको आक्रमणबाट घनश्यामको आँखामा चोट

नसा सुकेर धमिलो देख्न थालेको छु, अभैपनि फिजीयोथेरापी गर्दैछु झण्डै ८० हजार जति खर्च भयो । आखिर मैले प्रहरीलाई सहयोग गर्ने भनेर नै यो घटना भएको हो । नभए अझै पनि प्रहरी दाई लाई सोधे हुन्छ, भनि भन्नुभयो । मैले घनश्याम दाईलाई तपाइले कतैबाट राहत सुविधा पाउनु भएको छैन भनि सोध्दा उहाँले के को राहत सुविधा पाउनु र ? त्यसै म त्यो दिन सरकारी मान्छे सँग कराएको होइन नि भाई ! भनेर थप कुरा सुनाउनु भयो । राहत सुविधा पाइन्छ भनेर शुरुमा फुलवारी गेट नजिकैको राष्ट्रिय निकुञ्जमा पुग्दा त्यहाँका कर्मचारीले पानी मुहान जानु भन्नुभयो । पानी मुहानको कार्यालयमा पुग्दा जिल्ला वन कार्यालय जानु भन्नुभयो । अनि सम्पूर्ण कागज लिएर जिल्ला वन कार्यालय काठमाडौं जाँदा त्यहाँका कर्मचारीले तपाई आफै निवेदन लिएर हाकीमको कोठामा जानु भन्नुभयो । मैले त्यसै गरी हाकीमको कोठामा पुगे हाकीमले तपाईको प्रक्रिया पुगेन भनेर फर्काउनु भयो । के चाहिने हो ? आखिर चाहिने सबै कागज पत्र पुग्दो नै थियो । श्रम गरेर खाने हामी कति दिन सरकारी कार्यालय कुद्नु भनेर चित्त बुझाए तर मेरो पिडा कसलाई थाहा ? एकातिर ज्यानै जाने घट्ना, अर्कोतिर कार्यालय र अस्पताल धाउदा धाउदैको खर्चले थलिएर वसेको हो । भाई, त्यही भएर यहाँ आएका सरकारी कर्मचारीमा आक्रोश भई दुःख पोखेको भनि सुनाउनु भयो ।

चार छोरी, श्रीमती, वावु, आमा सहितको आँठ परिवारमा कमाई गर्ने एक्लो जवान ति मेरा गाँउले घनश्याम दाईले अझै पनि चितुवाले आक्रमण गरी आफुलाई घाइते बनाएको फोटोहरु, कागजपत्र सुरक्षित राख्नुभएको छ । जुन प्रष्ट प्रमाण छ । राहत सुविधा पाउनको लागि । तर उहाँले राहत सुविधा किन पाउनु भएन ? अनि घनश्याम दाईले प्रहरीलाई सहयोग गर्नु अपराध थियो ? कसरी "प्रहरी मेरो साथी" भन्ने नारा आम मानिसमा यथार्थफरक बन्ला ?

आम गाँउलेहरु त्यो दिनको चितुवा आक्रमणको घटना सम्झन्छन् । त्यो पोथी चितुवा सो घट्ना भएको केहि दिनदेखि नै वन नजिकैको गाँउ वस्तीमा आफ्नो हराएको बच्चाको खोजीमा भौतारिएर हिडेको रहेछ । त्यसको सानो बच्चा घट्ना हुनु केहि अगाडी नै निकुञ्जमा बुझाइएको रहेछ । आमाले आफ्नो बच्चा खोज्नु स्वभाविक नै हो । आखिर दोष कस्को ? सोझा कृषक, गाँउलेले पाउने राहत सरल ढंगले उपलब्ध हुन सके वन्यजन्तु संरक्षणमा अझ जनचेतनाको स्तर बढ्ने थियो कि ? ❑

मौसम, हावापानी र जलवायू परिवर्तन



मनिषा घिमिरे
कक्षा १०
श्री जितपुर उ.मा.वि. किसनडोल, जितपुर

धेरैजसोले मौसम, हावापानी र जलवायुलाई पर्यायवाचीका रुपमा बुझ्दछन् । वास्तवमा मौसम, हावापानी र जलवायु एकै होइन यिनिहरु फरक-फरक कुराहरु हुन् ।

मौसम : छिन छिनमा परिवर्तन भइरहेको वायूमण्डलको अवस्थालाई मौसम भनिन्छ । एकछिनमा जाडो हुनु, बदली हुनु, पानी पर्नु आदि मौसमका विभिन्न रुपहरु हुन् । मौसम पृथ्वीको एउटा भाग अझ त्यसको एउट खण्डमा मात्र पनि हुन सक्छ । उदाहरणको लागि पोखरामा घाम लागिरहेको बेला काठमाडौंमा पानी पर्न सक्छ । त्यसमा पनि तारकेश्वरमा पानी पर्दा दक्षिणतिर रहेको बालाजुमा घाम लाग्न सक्छ । अर्को शब्दमा भन्दा हावापानीको अस्थायी अवस्था नै मौसम हो ।

हावापानी : कुनै ठाउँमा हुने वायुमण्डलको स्थायी अवस्था नै हावापानी हो । मौसम जस्तो हावापानी सधैँ बदलिँदैन । कुनै पनि ठाउँको हावापानी सरदर वर्षभरी एकैनाशको रहने गर्दछ । हावापानीको प्रभाव क्षेत्र पनि व्यापक हुने गर्दछ । मौसमको तुलनामा यसको अवधि पनि लामो हुने गर्दछ । हावापानी अक्षाशंमा भरपर्ने गर्दछ । उदाहरणका लागि भूमध्यरेखीय क्षेत्र भूमध्यरेखादेखि करिब ५° मा पर्दछ भने नेपाल २७° उत्तरी अक्षांशमा पर्दछ । त्यसैले यो दुवै ठाउँको हावापानीमा फरक परेको हो अक्षांश मात्र नभइकन हावापानीमा अन्य निम्न कुराले प्रभाव पार्दछन् ।

क) अक्षांश ख) उचाई ग) सामुन्द्रिक दुरी घ) पर्वतको उपस्थिति ङ) वायूको स्वभाव च) जमीनको ढाल छ) सामुन्द्रिक धार ज) वनजङल र झ) माटो

'जलवायु' शाब्दीक अर्थमा केलाउने हो भने यो शब्द जल/वायु मिलेर बनेको छ । जसको अर्थ हुन्छ पानी र हावा अर्थात जलवायु परिवर्तन भनेको पानी र वायुमा हुने परिवर्तनलाई बुझिन्छ । यसबाट विभिन्न ठाउँको ऋतुमा हुने ताप, चाप, वायु, वर्षा आदिको अवस्थालाई थाहा पाउन सकिन्छ ।

जलवायु परिवर्तन : जलवायु परिवर्तन सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन डेनमार्कको कोपेन हेगन, दक्षिण अमेरिकी राष्ट्र पेरुको 'लिमा' फ्रान्सको 'पेरिस' नेपालको सर्वोच्च शिखर सगरमाथाको आधार शिविर 'काला पत्थर' भएको छ । यी विभिन्न सम्मेलनको एउटै कुरा भने "जलवायु परिवर्तन भयो ।" ती भेलाले विश्वमा तापक्रम वृद्धि भएको ठहर गऱ्यो र "पृथ्वीको तापक्रम बढ्ने अहिलेकै क्रम जारी रह्यो भने एकदिन पृथ्वीमा बाँच्ने आधार समाप्त हुन सक्छ ।" तसर्थ औद्योगिक एवम् शक्तीको हाडबाजीमा रहेका राष्ट्रहरुले कार्बन कटौतीमा कमी ल्याउन आवश्यक छ भनेर घोषणा गरे । वर्तमान विश्वमा कार्वन अधिक उत्सर्जन गर्ने राष्ट्रहरुले अनविकरणीय उर्जा खपत कम गर्नुको साटो बढाउँदै गरेका छन् । जसले गर्दा पुथ्वीको सतहको वायुमण्डलको तापक्रम बढ्दै गइरहेको छ । जलवायु परिवर्तनको असर सम्पूर्ण क्षेत्रमा परेको छ । चाहे त्यो हिमटाकुरा होस चाहे त्यो समुन्द्र सतहको टापु । हामी जलवायु परिवर्तनको अत्याधिक जोखिममा पर्ने राष्ट्रहरुको कोटीमा पर्दछौं । हामी उच्च पर्वत, भिराला पाखा र हावापानीको विविधता तथा विषमता आदिको परिस्थितिक प्रणाली भित्र बाँचेका छौं ।

हामिले पिउने पानी र जिउने आधार आकाशे पानी हो । हामी मनसुनसँग बाच्छौं, मनसुनसँगै मर्छौं, बाढि पहिरो, असिना, आँधी र हिमपात तथा खडेरी, आगजनी र अनिकालसँग पनि सदियौं देखि सामना गर्दै आइरहेका छौं । हामी हिमपहिरोलाई यत्तिकै छल्छौं, असिना तुसारोलाई यत्तिकै सही दिन्छौं, हुँदा - हुँदै भूकम्पलाई सहने बानी पनि परिसक्यो हामी नेपालीको ।

हामी सँग अनवरत बगीरहने पानीका स्रोत छन्, मानिस लट्टिने प्रकृतिको सुन्दरता छ, माहुरी, भमरा रमाउने फूलका बगैंचाहरु छन् तापनि जलवायु परिवर्तनको असर वाट जोगीन सकेको छैन । बैज्ञानिकहरुको अनुसार सन् २१०० सम्ममा १.४८°C देखि ५.८८° C सम्म ताप बढ्यो भने संसारमा हिउँ भन्ने वस्तु सबै विलाउँछ । तापक्रमले सबैभन्दा छिटो प्रभाव पार्ने क्षेत्र हिम क्षेत्र नै हो । अध्ययनले प्रमाणित गरेअनुसार नेपालको हिमनदी प्रत्येक वर्ष १० मिटर छोटा हुँदै छन् । ICIMOD (International Center for Integrated Mountaining Development) को अध्ययनले देखाएअनुसार नेपालको औसत तापमान प्रतिवर्ष ०.०१°C ले वृद्धि भइराखेको छ । बढ्दो तापक्रमको यस्तै आधारमा विश्वका जलवायु एवम् मौसम विदहरु प्रलयको प्रक्षेपण गर्न थालेका छन् । यस्तै हो भने अब अतिवृष्टि, अनावृष्टि, हिमताल विस्फोटन, रोगव्याध प्रकोप, ऋतु मौसमको गडबडी, हावाहुरी र चक्रपातका प्रहारका नियती हाम्रा सामु आउँदै छन् । जसको हामीले टुलटुल हेरी सामना गर्नु बाहेक केही छैन विकल्प । जलवायु परिवर्तन कहिले, कहाँ र कसरी हुन्छ भन्ने लेखाजोखा हुन सकेको छैन । जलवायुको प्रसङ्ग उठाएर छलफल गर्दा किसानहरु हिजोआज अतिवृष्टि, अनावृष्टि तथा मौसम अनुसार समयमा पानी नपर्ने कुरा बताइरहेका छन् । विभिन्न वाली नाली मसय नपुग्दै पाक्ने, वनमा फूलहरु समय नपुग्दै फूल्ने जस्ता दृश्यहरु देखिराखेका छन् । त्यस्तै गरी विभिन्न रोगहरु जस्तै, तराई क्षेत्रमा फैलिने औलो पहाड तथा हिमालमा फैलिरहेको छ । तराई तथा मधेशतिर पाइने लामखुट्टे हिमाली क्षेत्रमा पनि फैलिरहेका छन् । त्यस्तै कालाजार, इन्सेफ्लाटिस, डेङ्गु पनि फैलिने क्रम छ । यी नै जलवायु परिवर्तनका प्रभाव हुन् । हाम्रा प्राकृतिक स्रोत र साधनलाई दरिलो संरक्षण दिएर अनुकुलको पूर्वतयारी तिर जमर्को गर्ने बेला आएको छ । हाम्रा इन्द्रीयलाई वातावरणमा हुने परिवर्तनको बेवास्ता गर्ने बानी हटाउनुपर्छ । त्यसका लागि विद्यालय स्तर देखि नै शिक्षा एवम् तालिमको आवश्यकताको खाँचो छ । त्यसैले जलवायु परिवर्तन सँगै हामी परिवर्तन हुने सार्मथ्यको विकास गर्दै जानु सक्यौं भने मात्र हाम्रो जीवन र हाम्रो अस्तित्व सार्थक एवं सुनिश्चित रहन्छ । ❑

पुरस्कार/PRIZES



माथि दिइएको फोटो हेरेर तपाईको मनमा लागेको कुरा कम्तीमा १५० शब्द लेखेर हाम्रो कार्यालयमा पठाउनुहोस् र आकर्षक पुरस्कार जित्नुहोस् ।

हरियाली रक्षक
परिवार

सुगा र जुरेली

कृष्णमाया तामाङ, कक्षा १०
श्री पुरानो गुहेश्वरी मा.वि., गोलढुङ्गा

एका देशमा एउटा नागार्जुन वन नाम गरेको एउटा सुन्दर जङ्गल थियो । त्यस जङ्गलमा विभिन्न चराचुरुङ्गी, पशुपन्छी सबै मिलेर बसेका थिए । सबै एक अर्काको सुख दुःखमा साथ दिएर खुसीका साथ बाँचेका थिए । यसरी नै समय बित्दै थियो ।

केही समय पहिलेको कुरा हो । त्यस जङ्गलको वरपर मानिसको बस्ती बढ्दै गयो । मानिसहरु आफ्नो इच्छा र चाहाना पुरा गर्न वन जङ्गल मास्ने, सिकार गर्ने जस्ता खराब कामहरु गर्न थाले । त्यस्ता खराब कामहरुबाट त्यस जङ्गलका वन्यजन्तु र पशुपन्छी निकै दुःखी थिए । एक दिनको कुरा हो । एक जना सिकारी चरा मार्न भनि जङ्गल तिर लागेको थिए । त्यसै बेला उनले एक जोडी सुगा रुखमा बसिरहेको देखे । सुगाको छुट्टै सानो परिवार थियो । उनीहरुका दुईवटा बच्चा थिए । ती बच्चाहरु साना भएकोले गुँडमा बसेर मात्र कराउन सक्थे । आमा बुबा दुवै आहारा खोजी गरेर बच्चालाई खुवाउँथे । उनीहरु बच्चालाई देखेर निकै खुसी हुन्थे । त्यो मौसम वसन्त ऋतुको भएकोले निकै सुन्दर र रमाइलो थियो । त्यही बेला सिकारीले सुगालाई गुलेलीले प्याट्टै हान्यो । पोथी सुगा उडेर भाग्यो भने भाले सुगाको त्यही मृत्यु भयो । सिकारी खुसी हुँदै घरतिर लाग्यो भने पोथी सुगा डराँउदै गुँडतिर उड्यो । पोथी सुगा अत्यन्तै पिडामा पऱ्यो । उसका बच्चाहरु सानै थिए । उड्न पनि सक्दैन थिए । पोथी सुगा रोइरहेको बेला उसको साथी जुरेली आईपुग्यो । र भन्न थालिन् 'के भयो साथी किन रोएकी' पोथी सुगा रुँदै आफ्नो घटना सुनाइन् । जुरेली पनि सुगाको दुःखमा सँगै रुन थालिन् । जुरेलीले सुगालाई सम्झाउदै भन्न थालिन् "साथी तिमी पिर नगर तिम्रो पिडाका कुरा म सबै साथीका माझ राख्ने छु । त्यस बेलुका जुरेली सुगाको घरमा नै बसिन् । भोलिपल्ट सबै भेला भए । खरायोले भन्न थाले "हेर साथी हो, सुगाको पिडा भनेको हामी सबैको पनि पिडा हो, त्यसैले सबै जना मिलेर दुःख हटाउनु पर्छ । हो.....हो.....सबै एकै स्वरमा भन्छन् । अन्तमा सुगाका बच्चाहरु नहुर्कीउन्जेल सम्म सबैले आहारा खोजेर खुवाउने निष्कर्ष निस्कियो । सुगाको दुःख अलि कति भए पनि कम भयो तर मनका पिडा भने उत्तिनै थियो । सुगा आफ्नो बच्चाहरुलाई हेरेर चित्त बुझाउँथ्यो, आफ्नो दुःखलाई भुल्दै खुसी हुन्थ्यो र समय बिताउँथ्यो ।



Photo : google

केही समयपछि मानिसहरु शिक्षित हुन थाले र त्यस वनलाई संरक्षण गर्ने अगाडी सरे । पशुपन्छीको हत्या गर्नेलाई सजाय दिने जस्ता नियमहरु बनाउन थाले । सजायमा सुगा मार्ने मान्छे पनि परेछन् यो कुरा सुनेर पोथी सुगा र बच्चाहरु निकै खुसी भए । अहिले त्यस जङ्गलका वन्यजन्तु र पशुपन्छी निकै खुसी भएर बाँचेका छन् ।

❑

कविता / Poem

हरियो वन नेपालको धन

कृपा गुरुङ्ग
कक्षा १०

कुहु कुहु गुनगुनाउथीन कोहिली चरी विश्वमा छरेर
हरियाली सौन्दर्य विशाल विश्वमा ॥

वातावरण छन् सुन्दर प्रकृतिक विश्वमा सालको
पातले सुसेली हाली बोलायो मयुरलाई ॥

ढकमक्क बास्ना छायो हरियाली देश नेपालमा हिमाल
पारी डाँफे नाच्यो कस्तो घमाइलो हाम्रो देश झन
कस्तो रमाइलो ॥

आकाशमा उड्ने चरिलाई कसले दिन्छ आहारा
नेपालमा हरियाली वातावरण नासिसक्यो ॥

हाम्रो जीवजन्तुलाई कसले दिन्छ साहारा, सबै
चरीलाई जोगाई राख्नु ॥

कति सुन्दर छ हाम्रो देशको हावापानी बुझेर पनि
बुझ पचाउँछन् यी देशका भ्रष्टहरु ॥

पहिले जस्तो रहेन हाम्रो देशमा सुन्दरता पनि चारैतिर
सुन्दरताले छाएन ॥

सधै भरी गुन गनाउने छैन चरी पनि आजभन्दा भोलि
बढ्दै गयो काठतस्करी ॥

हाम्रो देशका शासकहरुले बनाए ठूला घरवारी
गरिबहरुलाई एक छाक टार्न भयो दुःख ॥

हिमालपारी मैना चरि उड्यो क्या लहर चरीलाई
जस्तै प्राकृतिक सुन्दरता हेर्ने मलाई पनि छ रहर ॥

"Wild animals are less wild and more human than many humans of this world". -*Munia Khan*

विविध जानकारी

- नेपालमा पाइने **चरा प्रजाति ८ सय ८४** पुगेको छ । यसअघि नेपालमा ८ सय ८१ प्रजातिका चरा रहेका थिए । यो वर्ष तीन नयाँ प्रजातिका चराहरु भेटिएपछि चरा प्रजातिको संख्या बृद्धी भएको हो । सन् २०१६ मा रुफस टेल्ड रक थ्रस, ग्रे साइडेड थ्रस र वेस्ट हिमालयन बुस वाब्लर गरी तिन नयाँ प्रजातिका चराहरु भेटिएका छन् ।
- एक जोडी **लाटोकोसेरो**ले फूल पार्नेदेखि बच्चा कोरल्ने र बच्चालाई उडाउने बेलासम्म (भण्डै ४ महिनाको अवधि) करिब ३ हजार मुसा खान्छन् । यदि त्यो नहुने हो भने हाम्रो खेतीबाली तथा अन्न उत्पादनमा असर गर्छ । कुनै एक क्षेत्रमा १० जोडी लाटोकोसेरो हुने हो भने त्यसले ३० हजार मुसालाई नियन्त्रण गर्न सक्छ । यसकारण लाटोकोसेरोलाई 'किसानको साथी' पनि भनिन्छ ।
- **नेपालमा भ्यागुता**को जम्मा करिब ५६ प्रजातिहरू पाइएका छन् । यी प्रजातीहरूलाई दुई समूहमा राखिन्छ । पहिलो चिल्लो छाला, लाम्चो थुतुनो, टाटा वा पाटा परेको शरीर भएका समूहमा पर्नेहरूलाई 'चिल्ले भ्यागुतो' (frogs) भनिन्छ । यसरी नै खस्रो छाला, बाटुलो थुतुनो, शरीर भरी गिर्खा वा काँडा जस्ता चिन्हहरू भएमा 'खस्रे भ्यागुता' (Toads) भनिन्छ ।
- झापाका स्थानीय विकास अधिकारी खेमराज ओझाले झापालाई **गिद्ध सचेतना तथा डाइक्लोफेनेकमुक्त** जिल्ला घोषणा गरेका छन् । डाइक्लोफेनेक सन् १९९० को दशकमा नेपाल लगायत दक्षिण एशियामा पशु उपचारमा दुखाई कम गर्ने औषधिको रुपमा प्रयोग भएको हो । नेपाल सरकारले २०६३/०६४ सालमा यो डाइक्लोफेनेक औषधिलाई उत्पादन, आयात, विक्री वितरण र प्रयोगमा प्रतिबन्ध लगाएको हो । १० वर्ष अघि प्रतिबन्ध लगाए पनि यो औषधि लुकिछिपी प्रयोग भइरहेको छ । यो औषधिको प्रयोग गरेको पशु उपचार प्रक्रियाकै दौरानमा मर्यो भने उक्त मृत पशुको शरीरमा भएको डाइक्लोफेनेकको विषाक्तपना गिद्धको शरीरमा प्रवेश गर्दछ र शरीरका भित्री अंगहरुमा युरिक एसिड जम्नु (भिसरल गाउट)का कारण मिर्गौलाले काम गर्न छाड्छ फलस्वरुप गिद्ध केही दिनमै मर्दछन् ।

वन विनासको परिणाम

सुनिल गुरुङ्ग
कक्षा १०

एकादेशमा एउटा वन डाँडा नाम गरेको गाँउ थियो । त्यो गाँउ वरिपरि नजिकै एउटा ठूलो जङ्गल थियो । त्यो जङ्गलले गर्दा त्यहाँको वातावरण हरियाली र सुन्दर देखिन्थ्यो। गाँउका मानिसहरुलाई काठ, दाउरा, घाँस आदि चिजहरुको केहि कमि थिएन । गाँउका मानिसहरुलाई खडेरी पर्ला, बाढी र पहिरो आउँला भन्ने कुराको केही डर थिएन । त्यो जङ्गल गाँउलेहरुको लागि भगवान जस्तै थियो । त्यो जङ्गलमा बस्ने जनवारहरु पनि खुसी साथ रमाउँदै बस्दथे । तर, सधैँ त्यस्तै कहाँ हुँदो रहेछ र समय बित्दै जाँदा, त्यो गाँउमा जनसंख्या पनि बढ्दै गयो । मानिसहरुले आफ्नो इच्छाहरु पुरा गर्ने जङ्गलको फडानी गर्न थाले । बिस्तारै बिस्तारै जङ्गल पुरा सखाप हुन थाल्यो । त्यहाँ भएका जङ्गली जनावरहरु पनि बस्ने ठाँउ नभए पछि गाँउतिर छिर्नथाले । गाँउमा धेरै खलबली मच्चियो। जङ्गली जनावरहरुले मानिसहरुलाई मार्न थाले । त्यो गाँउमा त्यति मात्र समस्या आइलाग्यो र ? त्यहाँ त, कहिले खडेरी परेर बालीनाली नष्ट हुने भने कहिले अतिवृष्टिको कारणले बाढी र पहिरो आएर घरजग्गा, जमिन, गाईवस्तुहरुको नाश गर्न थाल्यो । यी सबै समस्याहरु सहन नसकेर सबै गाँउका मानिसहरु गाँउ नै छोडेर भागे र त्यो गाँउ त्यसबेलादेखि अहिलेसम्म पनि सुनसान नै रहिरहेको छ ।



प्रसिद्ध वैज्ञानिक 'अल्वर्ट आइस्टाइन'ले लेखमार्फत पृथ्वीबाट मौरी लोप भयो भने त्यसको चार वर्षपछि सम्पूर्ण मानवजगत लोपोन्मुख हुनेछ भनी उल्लेख गर्नुभएको छ ।

संरक्षण

निकेश अधिकारी
पृथ्वीनारायण उ.मा.वि.

एक जङ्गलमा कोइली गाँउदा, डाफेले भाका हाल्दा मयुर नाचेको हुँदा सारा जङ्गल खुसी र हर्षमय हुन्छ । त्यसै गरी जङ्गलमा खुशीयाली देखेर हाम्रो मनमा आनन्द हुन्छ । त्यसैले वन जङ्गलको संरक्षण गर्नु हाम्रो दायित्व हो । वन जङ्गलको संरक्षण गर्नु भनेको प्रकृतिको संरक्षण गर्नु हो । हामीले "तन, मन, धनले संरक्षण गरौं वन" भन्दै प्रकृति जोगाउनु पर्छ । बिहानको घाम झुल्के झै गरेपछि पन्छीले धर्ती आमालाई रातका सारा बृतान्त बिहान चिरविर चिरविर गर्दै भन्छे। वनमा भएका जडीवुटी र प्राकृतिक श्रोतको सही उपयोगले वातावरण संरक्षण हुन्छ। दिन र रात, घाम र पानी यो त प्रकृति कै नियम हो । यी नियमलाई हामीले सकेसम्म बिगार्नु हुदैन । पृथ्वीमा जीवन तब हुन सकेको जब प्रकृतिले पृथ्वीलाई साथ दियो । हाम्रो यो साझा पृथ्वीको संरक्षण गर्नु हामी सबैको दायित्व हो । ❑

विश्वमा नौं थरीका मौरीबाट मह उत्पादन गर्न सकिन्छ। त्यसमध्ये नेपालमा मेलीफेरा, केरेना, कठ्यौरी, भिरमौरी र सिनकुश (खागो) जातका मौरीबाट मह उत्पादन हुने गरेका छन् । सबैभन्दा महँगो मह भीर मौरीको हो । भीर मौरीबाट उत्पादित मह प्रतिकेजी रु. दुई हजार पाँच सयदेखि रु तीन हजारमा, केरेनाको मह रु. सात सयदेखि एक हजार र मेलीफेराको मह रु. चार सयदेखि रु. पाँच सयसम्म विक्री हुँदै आएको छ । विश्वमा सबैभन्दा धेरै मह उत्पादन गर्ने देश टर्की हो । त्यसपछि क्रमशः अमेरीका, भारत र चीन पर्दछन् । नेपालमा हाल प्रतिवर्ष २ हजार ५० मेट्रिक टन मह उत्पादन हुने गरेको किट विकास निर्देशनालयले जनाएको छ । नेपालले प्रतिवर्ष २० हजार मेट्रिक टन मह उत्पादन गर्ने क्षमता राख्दछ ।

वातावरण संरक्षणका लागि शिक्षक-विद्यार्थी भेला



शीतल बाबु श्रेष्ठ
शिक्षक
श्री नागार्जुन मा.वि. गोलढुङ्गा

कार्तीक महिनाको अन्तिम साता श्री पुरानो गुहेश्वरी मा.वि. गोलढुङ्गामा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको संरक्षण क्षेत्रमा पर्ने जितपुर उ.मा.वि., कालीकाशरण मा.वि., पृथ्वीनारायण उ.मा.वि., नागार्जुन ठूला गाँउ उ.मा.वि,. नर्थ भ्याली इङ्लीस सेकेण्डी स्कुल, नागार्जुन मा.वि र श्री पुरानो गुहेश्वरी मा.वि. को गरी जम्मा सातवटा स्कुलका शिक्षक एवं विद्यार्थी प्रतिनिधि बीच वन, वन्यजन्तु संरक्षणका



भेलामा सहभागी शिक्षक एवम् विद्यार्थी

बारेमा अन्तरकृयात्मक कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको उद्घघोषण पुरानो गुहेश्वरी मा.वि.का शिक्षक राजेन्द्र प्रसाद तिम्सिनाले गर्नुभएको थियो । कार्यक्रममा सहभागी नर्थभ्याली इङ्लीस सेकेन्ड्री स्कुलका दधिराम पौडेले Green Guard Nepal ले शिक्षक-विद्यार्थी एवं अभिभावक माझ वन वन्यजन्तु सम्बन्धी जनचेतना कार्यक्रम गरेर यो क्षेत्रको वातावरण संरक्षण गर्न महत्वपूर्ण कार्य गरिरहनु भएको बताउनु भयो । त्यस्तै नागार्जुन ठूला गाँउ उ.मा.वि. मा देवराज सिम्खडाले वन्य जन्तु र मानव बीचको द्वन्द्व न्यूनिकरण गर्न र वातावरण संरक्षण गर्न शिक्षक, विद्यार्थी एवं अभिभावकहरुले महत्वपूर्ण भूमिका खेल्ने हुनाले यस्ता अन्तर क्रियात्मक कार्यहरु निकै फलदायी हने बताउनु भयो । पृथ्वीनारायण उ.मा.वि. का शिक्षक यमुना धितालले विगत केही वर्ष देखि विद्यार्थी माझ ग्रीन गार्ड नेपालले नयाँ संदेश प्रवाह गरिरहेको र यसको सफलताको शुभकामना व्यक्त गर्नुभयो । अर्का वक्ता जीतपुर उ.मा.वि. का शिक्षक राजन भट्टले वन्यजन्तु अपराधमा हुने सजायमा निष्पक्षताको अभाव रहेको प्रसंग कोट्याउदै वन्यजन्तुबाट हुने क्षतिको राहत झन्झट बिना पिडितलाई दिनुपर्ने बताउनुभयो। कालिकाशरण मा.वि का शिव लामिछाने ले वातावरणीय समस्याको प्रमुख कारण हामी मानव हौ। अझ मानवीय कृयाकलापका कारण वातावरणीय समस्या उत्पन्न भएर मौसम परिवर्तनको चपेटामा परेका हौं । वन्यजन्तु द्वन्द्वको मुख्य कारण हामी मानव नै हो । हामी मानव सचेत



समूहमा विद्यार्थी छलफल गर्दै

सहभागी विद्यार्थीहरुले वन, वन्यजन्तु संरक्षणका विषयमा उठाएका प्रसंग

- वन्यजन्तुको प्राकृतिक आहाराको अभाव एवं जिर्ण वासस्थान
- वन्यजन्तुको अवैध व्यापारमा नियन्त्रण एवं लोप हुन लागेको वन्यजन्तुको संरक्षण गर्नुपर्ने
- कतै वन्यजन्तु बढिरहेको भए स्थानान्तरण गर्नुपर्ने
- जडीवुटी, गैह्रकाष्ट, वन पैदावारहरुको अध्ययन, अनुसन्धान गरी यिनीहरुको अत्याधिक दोहण तुरुन्त रोक्नु पर्दछ ।
- वन्य जन्तुको आखेटो पहरा जथाभावी प्रयोग गर्नबाट निरुत्साहित ।
- पुरानो, बुढा, ढलेको रुखहरुको ठाँउमा नयाँ वृक्षारोपण गर्नुपर्ने ।
- जनावार लाई पासो लगाई मार्ने एवं गुलेली, करेन्ट लगाउने कार्य प्रतिवन्ध गर्नुपर्दछ ।
- जलवायु परिवर्तनबाट वन जंगल र वन्यजन्तु माथि पर्न गएको असरलाई न्यूनिकरण गर्ने ।
- विकास निर्माण वा काम गर्दा वन्य जन्तु, वन आदिमा प्रतिकुल असर पर्नुभएन ।
- वन भित्र जथाभावी बाटो, पेट्रोलबाट चल्ने सवारी साधन आदिको प्रतिबन्ध लगाउनु पर्दछ ।
- वातावरण संरक्षण कार्यमा सरोकारवाला निकायहरुलाई कृयाशिल गर्नुपर्दछ ।
- घाइते वन्यजन्तुको उचित स्याहार, वन्यजन्तुका बच्चा वेवारिसे पाईएमा तिनीहरुलाई सकेसम्म आमासँग भेटाउने कार्य गर्नुपर्दछ, मृत वन्यजन्तुलाई तुरुन्त वैज्ञानिक व्यवस्थापन गरिनु पर्दछ ।
- वन जंगल नजिकै काठ मिल चलाउन रोक लगाउनु पर्दछ ।
- वन जंगल नजिकै रहेका होटेल, रेष्टुरेन्ट आदिले अत्याधिक फोहर गर्ने भएको तुरुन्त रोक लगाउनु पर्दछ ।
- वन जंगल छेउछाउमा बसेका गरिब जनताको वैकल्पिक आय आर्जनमा प्रोत्साहन गरिनुपर्दछ ।

प्राणी भएका कारण वन, वन्यजन्तु संरक्षणमा वेलैमा ध्यान पुऱ्याउनु पर्दछ । कार्यक्रमको सभापतित्व गर्नु भएका पुरानो गुहेश्वरी मा.वि का सुमन लाल महर्जनले आफु सानो छदा नागार्जुन वन हराभरा जंगल थियो विभिन्न चराचुरुङ्गीको चिरविर आवाज, विभिन्न फुलका सुगन्धले झन मनमोहक थियो । वन नजिक रहेका प्राकृतिक स-साना पोखरीमा वन्यजन्तु पानी खान आइपुग्थे, कति चितुवाहरु पनि पानी खाएर



विद्यार्थी आफ्नो जिज्ञासा जानकारी गराउँदै

वनतिर नै फर्किने गर्दथे तर आजभोली नागार्जुन वन रुग्न अवस्थामा पुगेको देख्छु, वन्यजन्तु र मानव बीच द्वन्द्व वढेको देख्छु आखिर यो मानवकै दोष हो । प्रवृति र वातावरण किनेर आउने कुरा होइन यसलाई संरक्षण गर्न जान्न बुद्धीमानी हो बताउनु भयो ।

कार्यक्रमको बीच बीचमा उठेका जिज्ञासा एवं प्रश्नको जवाफ Green Guard Nepal का प्रतिनिधि विश्वनाथ रिजालले दिनुभएको थियो । करीव ४० जना विद्यार्थी सम्मिलीत उक्त कार्यक्रमका सहभागी विद्यार्थीहरुले आफ्ना मेटाकार्डमा वन वन्यजन्तु संरक्षणका समस्या एवं समाधानका विषयमा आफ्ना अनुभव लेखेर व्यक्त गरेका थिए । विद्यार्थीहरुबाट उठाइएका वातावरण संरक्षण विषयका प्रसंग वास्तवमा निकै नै सान्दर्भीक देखिन्छ ।

❑

वैकल्पीक उर्जा: बायोडिजेल



माधव पौडयाल
शिक्षण सहायक
भक्तपुर बहुमुखी क्याम्पस

आज विश्व मौसम परिवर्तनको चपेटामा परिसकेको छ । पृथ्वीको तापक्रम बढ्दोक्रमले गर्दा जीवनयापन पनि कठिन बन्दै गएको छ । वातावरणविद्धले अनविकरणीय उर्जाको खपतलाई क्रमशः कम गर्दै लगि नविकरणीय उर्जामा जोडदिएको छन् । मानव लगायतको वासस्थान रहेको यस साझा पृथ्वीमा बढ्दो हरित गृह प्रभावका ग्यास सन्तुलन ल्याउन सबैले आ-आफ्नै क्षेत्रबाट वृद्धिमानी पुरयाउनु आवश्यक छ । हाम्रो देश नेपालले पनि यस्ता नविकरणीय उर्जा माथि जोड्दिई पेट्रोलियम पदार्थको खपतमा कम गर्नुपर्दछ । यसको लागि राष्ट्रले आफैमा आत्म निर्भर भई, ग्रामीण रोजगारी, आय आर्जनका साथै पर्यावरणलाई स्वच्छ राख्न इन्धनको रुपमा बैकल्पीक श्रोत सजिवनको तेललाई उपयोग गर्नु आवश्यक देखिनछ । अंग्रेजीमा जेट्रोपा भनिने यो विरुवा हाम्रो देशको तराई पहाडमा प्राचिनकाल देखि नै प्राकृतिक रुपमा उम्रदै आएको छ । यो वहुउपयोगी वनस्पति गाई वस्तुले पनि नखाने भएकोले गाउघरमा कतै कतै खेतबारीमा बारको रुपमा पनि प्रयोग गरिन्छ । यसको पात कम्पोष्ट मलको लागि र यसबाट निस्कने रस पोलेको घाउ निको पार्न र क्यान्सर रोगको प्रतिरोधक औषधिको रुपमा, सानो हाँगाको डाँठ दाँत सफा गर्न प्रयोग गरिन्छ । विरुवाले माटोमा नाइट्रोजन ग्रहण गरेर उर्वरा शक्ति बढाउछ, बीउवाट निस्कने पिनामा नाइट्रोजन, फस्फोरस र पोटास भएकोले प्राङगारीक मलमा पनि प्रयोग गर्न सकिन्छ । मुख्य कुरा यसको बीउबाट तेल निकाली जैविक इन्धनको रुपमा प्रयोग गर्न सकिन्छ जसलाई वायो डिजेल पनि भनिन्छ ।



जेट्रोफाको विरुवा

विश्वमा सजिवन (जेट्रोपा)को विभिन्न प्रजाति छन् । नेपालमा पाइने जेट्रोफा कर्कसलाई बैज्ञानिकहरुले वयोडिजलको लागि उपयुक्त ठहरयाएको छ । अनविकरणीय उर्जा अर्थात खनिज डिजेल को प्रयोगबाट कार्वनडाईअक्साइड ग्यास उत्सर्जन हुन्छ तर यो वायोडिजेल धुँवा रहित वास्नादार हुन्छ । एक अध्ययन अनुसार अन्य विरुवाहरुले बार्षिक ४ देखि ५ किलो ग्राम कार्बनडाइअक्साइड वायुमण्डलबाट ग्रहण गर्दछ तर जेट्रोफा विरुवाले बार्षिक ८ किलो कार्वनडाईअक्साइड शोषण गर्दछ । करिब ३ किलो वियाबाँट एक लिटर तेल निकाल्न सकिन्छ । जेट्रोफा (सजिवन) खेती तथा उपयोग गर्ने पहिलो राष्ट्र अमेरिका हो भने हाल विश्वमा व्यवसायिक रुपमा यसको खेती फ्रान्स, अमेरीका, इटाली, अष्ट्रेलिया, भारत लगायतका मुलुकले गर्दै आएका छ । हाम्रो देशमा यसको प्रचुर सम्भावना भएको हुँदा कृषकहरुलाई आर्कषण गर्न सरकारी नीति हुनु आवश्यक छ जसले देशको आर्थिक, सामाजिक एवं पर्यावरणीय पक्षलाई उजागर गर्न मद्दत गर्दछ । ❑

विरुवाले खाना कसरी बनाउँछ ?



विश्रम पौडयाल
कक्षा ५
ग्यालेक्सी पब्लीक स्कूल, ज्ञानेश्वर

छोरा : बाबा ! बाबा ! हामीलाई भोक लाग्यो भने हामी खानेकुरा बनाएर खान्छौ, सजिव वस्तु खाना विना वाच्न सक्दैनन तर ति हरिया वनस्पतिहरु जो ठिङ्ग अडिएर बसेका छन् ति कसरी वाचेका होलान ?


बाबा : हो वावु ! हरिया वनस्पती पनि सजिव हुन तिनिहरु पनि खाना विना बाच्न सक्दैनन तिनिहरुले पनि खाना वनाउछन् ।

छोरा : तिनीहरुले पनि हामीले जस्तै खाना वनाउने हुन् त ? अनि त्यसो भए कसरी खाना बनाउछन् त ?


बाबा : यसको लागि सर्वप्रथम विरुवाको संरचना बुझ्न जरुरी छ । अघि तिमिले भने जस्तै विरुवा अडिएर बस्नुको कारण तिनीहरुको जराले गर्दा हो । ति जराले जमिनको पानी सोसेर पातसम्म पुऱ्याउदछ । हरिया विरुवाको पात स - साना कोषहरुको समूहले वनेको हुन्छ । ति स - सना कोषमा कोष भित्ता, कोषको केन्द्र (न्यूक्लीयस), पानी तथा खानाको भ्याकुओल, स-सना छिद्र (स्टोमाटा), हरितकण (क्लोरोफील) आदि हुन्छन ।

छोरा : अनि त्यसपछि खाना कसरी वन्छ होला ?

बाबा : विरुवाको पातमा रहेको क्लोरोफील (हरितकण) ले गर्दा सूर्यको प्रकाश पातमा सोसिन पुग्दछ सोही वेला जराले जमिनबाट तानेर ल्याएको पानी र पातको स्टोमाटा हुदै प्रवेश गरेको वायूमण्डलको कार्वनडाइअक्साइड मिलन भई विरुवाको खाना (ग्लुकोज) तयार हुन्छ र विरुवाको सम्पूर्ण भागमा पुग्दछ । खानासँगै निर्माण भएको अक्सिजन स्टोमाटा हुदै वायुमण्डलमा पुग्दछ । विरुवाको खाना वनाउने यस क्रियालाई प्रकाश संश्लेषण (photosynthesis) भनिन्छ । यस क्रियालाई तलको रसायनिक प्रतिक्रियाबाट बुझ्न सजिलो हुन्छ ।



छोरा : हामी मान्छे लगायत अन्य जनावरले अक्सिजन लिन्छौं र कार्वन डाइअक्साइड फाल्दछौं अनि विरुवाले यसको ठिक उल्टो अर्थात कार्वनडाइअक्साइड फाल्दछ भन्ने सुनेको थिए । तर बाबा ! यहा विरुवाले अक्सिजन फालेको भन्नु भयो त ?



बाबा : हो, तिमिले सुनेको कुरा ठीक हो । हामिले जस्तै विरुवा लगायतका प्राणीले श्वासप्रश्वास गर्दा अक्सीजन लिने र कार्वनडाइअक्साइड फाल्ने हो यो किया निरन्तर हुन्छ तर विरुवामा खाना वनाउने क्रिया त निरन्तर हुदैन । विरुवाले सूयको प्रकाशको उपस्थितीमा दिनमा मात्र खाना वनाउछ र सो क्रममा अक्सीजन फाल्दछ ।

छोरा : हरिया वनस्पतिले मात्र खाना वनाउने भए प्रकृतिमा अन्य खालका वनस्पति कसरी वाच्छन् होलान ?

बाबा : प्रकृतिमा हरिया वनस्पती वाहेक अन्य वनस्पतिहरु पनि छन् जस्तै अमरलता (पहेलो रंगको विरुवा) यो परजीवी (अर्काको भरमा वाच्ने) हो अर्का विरुवा जस्तै च्याउ यो मृतपोजीवी (मरेको वस्तुवाट पोषण लिने) हो ।

छोरा : सूर्यको प्रकाश दिनमा मात्र हुन्छ अनि विरुवाले खाना वनाउने क्रममा अक्सिजन दिनमा मात्र फाल्दछ । मैले बल्ल बुझे । त्यसैले त हामीले वन जंगल जोगाउनु पर्दछ । ❑

"One child, one teacher, one pen and one book can change the World."



Malala
Nobel Prize Winner, 2014

Red Panda





Sujan Shreastha
Class -10
Angel's Heart HS School, Manamaiju

Red Panda is also called lesser panda and it is a mammal native to eastern Himalayas and southern China. It has reddish –brown fur, a long shaggy tail, and a wadding gait due to its shorter front legs. It is an arboreal animal and feeds especially bamboo, eggs, and insects.

Red panda was discovered in the 1820s, it was just called the panda (the origin of the name is controversial, but it probably comes from the Nepali word ponya, meaning "bamboo or plant eating animal"). Forty years later, Europeans found a new animal in China and called it the Parti-Colored bear—because unlike polar bears, black bears, or brown bears it was multi-colored! Red panda, also known as cat bear and lesser panda, is largely herbivore and an endangered species. Slightly larger than a domestic cat, an adult red panda in the forest weighs around 4 kg. Currently, Red pandas live in the Eastern Himalayas. But the first red panda fossil was found a little bit further a field than that—in the United Kingdom. They have a false thumb.Mozilla's flagship browser, Firefox, means red panda. WWF logo also carries the picture of this creature. According to the World Wildlife Fund, there are fewer than 10,000 red pandas left in the wild. Habitat destruction increases the species chances of extinction they also have a variety of interesting vocalizations. Red panda lives between 2200m to 4800m altitude in habiting areas of moderate temperature between 10 0c to 20 0c with little annual change. It prefers mountainous mixed deciduous and coniferous forests. It is protected animals in Nepal. ❑

Biodiversity in Nepal



Sneha Naharki
Class : 10
Angel's Heart H.S. School, Manmaiju

There are millions of living beings including plants, animal, birds and micro organisms on the earth. There are differences and diversities among them. These diversities and differences in ecosystem refer to biodiversity. There is bio-diversity of heredity and species. Bio-diversity brings difference in the ecosystem where organism and gene play an important role. Bio-diversity an area refers to existing organisms, gene, animals, and eco-system per unit of land. In totality, bio-diversity refers to the existing number of living organisms and their diversity.

Bio-diversity can be classified into three group's species, ecosystem and genes. Man, elephants, birds, maize, potatoes, pulses and plants are included within species. The species of organisms and virus are also included in them. This is numerical counting of species. Ecosystem is the habitat for living-beings. The structure of ecosystem causes bio-diversity. Even living-beings have their own heredity qualities. The people of the Himalayas have the hereditary quality to tolerate servere cold whereas those of the region can tolerate the hot temperature.

Biodiversity differs according to the geographical regions. Therefore, there are diversities in living things. Some living beings are found on land, some are in water and other in the atmosphere. Similarly, some plants are found in lithosphere whereas the other found in hydrosphere. Some plants are floating of water while others live under it. Bio-diversity and conservation have been maintained because living-beings can adjust themselves according to different geographic conditions. The living beings within bio-diversity exist in association with special relationship among them. If one species is destroyed or disturbed, the whole system of living-beings will be affected. The negative effects on their system of living beings will be disturb the whole ecosystem. Fore example, if the forest area of any place is destroyed. The vegetation wildlife and other living-beings will be negatively affected. It will be difficult for them to live in that area. ❑



नेपालका संरक्षित वन्यजन्तुहरु




Sakina Dangol
Class - 9
North Valley English S. School, Dharmasthali

नेपालका संरक्षित वन्यजन्तुको (स्थानीय, अंग्रेजी एवम् वैज्ञानीक) नामको सूची दिइएको छ । सूची हेरेर तलको बक्समा भएका वन्यजन्तु फेला पार्नुहोस् ।

हाव्रे (Red Panda) *Ailurus flugens*
योक नाक (Wild Yak) *Bos mutus*
नायन (Great Tibetan Sheep) *Ovis ammon*
हिमाली रातो भालु (Brown Bear) *Ursus arctos*
चिरु (Tibetan Antelope) *Pantholops hodgsoni*
कृष्ण सार (Black buck) *Antelope cervicarpa*
वाह्रसिहा (Swamp deer) *Cervus duvauceli*
कस्तुरी मृग (Himalayan Musk Deer) *Moschus chrysogaster*
चौका (Four-horned Antelope) (*Tetracerus quadricornis)*
हिउँ चितुवा (Snow Leopard) *Panthera uncial*
ध्वासे चितुवा (Clouded Leopard) *Neofelis nebulosa*
चरी बाघ (Leopard Cat) *Felis bengalensis*
पाटे वाघ (Royal Bengal Tiger) *Panthera tigris*
व्वासो (Gray wolf) *Canis lupus*
हुँडार (Striped hyaena) *Hyaena hyaena*
जङ्गली हात्ती (Asiatic elephant) *Elephas maximus*
सोंस/डल्फिन (Gangetic Dolphin) *Platanista gangetica*
वाम पुड्के वदेल (Pigmy Hog) *Sus salvinus*
सालक (Chinese pangolin) *Manis pantadactyla*
आसामी बाँदर (Macaca Assamese) *Macaca assamensis*
लिंक्स् (Lynx) *Felis lynx*
लङ्गसाङ्ग (Spotted Lingsang) *Prionodon pardicolor*
गौरी गाइ (Gaur) *Bos gaurus*
अर्ना (Wild buffalo) *Bubalus arnee*
गैंडा (One horned Rhinoceros) *Rhinoceros unicornis*
कालो सारस (Black Stork) *Ciconia nigra*
सेतो सारस (White Stork) *Ciconia ciconia*
सारस (Common Crane) *Grus grus*
मोनाल (Satyar Tragopan) *Tragopan Satyra*
डाँफे (Impeyan Pheasant) *Lophophorus impejanus*
चिर कालिज (Cheer Pheasant) *Catreus wallichil*
खर मजुर (Bengal florican) *houbaropsis bengalensis*
सानो खर मजुर (Lessar Florican) *Sypheotides inidica*
ठुलो धनेश (Great Pied Hornbill) *Buceros bicornis*
अजिङ्गर (Asiatic Rock Python) *Python molurus*
सुन गोहरो (Golden Monitor Lizard) *Varanus flaescens*
घडियाल (Gharial Crocodile) *Gavialis gangeticus*








Rahul Basaula
Class 9, Prithvi Narayan H.S. School



Prashant Shiwakoti
Class 5, AVM School, Lalitpur




Anjana Nagarkoti
Class 7, Sita Bal Basic School, Halchowk



Sangam Chaudhary
Class 5, Sita Bal Basic School, Halchowk



Nikesh Adhikari
Class 9, Prithvi Narayan H.S. School



Ashmita Khatiwada
Kalikasharan Secondary School, Tinpiple

तस्वीरमा कतिवटा बाघ छन् ?



तस्वीरमा कतिवटा बाँदर छन् ?

